# ग्रामीण दूरसंचार विकास कोष परिचालन (कार्यविधि) विनियमावली, २०६४

दूरसञ्चार ऐन, २०५३ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी नेपाल दूरसञ्चार प्राधिकरणले ऐनको दफा ३० को उपदफा (४) बमोजिम ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा भएको रकम परिचालनको लागि यो **"ग्रामीण दूरसञ्चार विकास कोष परिचालन (कार्यविधि) विनियमावली, २०६४"** बनाई लागु गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो विनियमावलीको नाम **"ग्रामीण दूरसञ्चार विकास कोष परिचालन (कार्यविधि) विनियमावली, २०६४"** रहेको छ ।

(२) यो विनियमावली प्राधिकरणबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा -

(क) "ऐन" भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले दूरसञ्चार नियमावली, २०५४ सम्झनु पर्छ ।

(ग) "प्राधिकरण" भन्नाले नेपाल दूरसञ्चार प्राधिकरणलाई सम्झनु पर्छ ।

(घ) "कोष" भन्नाले ऐनको दफा ३० को उपदफा (४) बमोजिम स्थापना गरीएको ग्रामीण दूरसञ्चार विकास कोषलाई सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले यस विनियमावलीको विनियम ६ बमोजिम गठित ग्रामीण दूरसञ्चार विकास कोष परिचालन समिति सम्झनु पर्छ ।

(च) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले प्राधिकरणबाट दूरसञ्चार सेवा सञ्चालन गर्नको लागि अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(छ) "ग्रामीण क्षेत्र" भन्नाले नेपाल राज्यका काठमाडौं उपत्यका, महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र महानगरपालिका, उप-महानगरपालिकासंग सिमान जोडिएका गाऊ विकास समितिहरु बाहेकका गाऊ विकास समितिहरुको क्षेत्रलाई सम्झनु पर्छ ।

# परिच्छेद - २

## ग्रामीण दूरसञ्चार कोष तथा कोषको प्रयोग

**३. कोष सम्वन्धी :** प्राधिकरणमा ऐनको दफा ३० को उपदफा (४) बमोजिम ग्रामीण दूरसञ्चार विकास कोष रहने छ ।

**४. कोषको श्रोत :** कोषमा देहाय बमोजिमको श्रोतको रकम जम्मा गरिने छ :-

(क) ऐनको दफा ३० को उपदफा (४) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिबाट प्राप्त हुने रकम ।

(ख) नेपाल सरकार तथा विभिन्न दातृ संस्थाहरुबाट प्राप्त हुने अनुदान रकम ।

(ग) प्राधिकरणबाट स्वीकृत अन्य श्रोतबाट प्राप्त हुने रकम ।

**५. कोषको प्रयोग :** (१) विनियम (३) बमोजिम गठित कोषको परिचालन तथा प्रयोग यस विनियमावलीको कार्यविधि अपनाई ऐनको दफा ३० को उपदफा (५) बमोजिम प्राधिकरणले गर्नेछ ।

(२) कोषमा जम्मा भएको रकम नेपाल सरकारको दूरसञ्चार सम्बन्धी नीतिको अधीनमा रही दूरसञ्चार सेवामा सबैको पहुँच पुऱ्याउनका लागि देहायको प्राथमिकता क्रमका आधारमा प्राधिकरणले तोके बमोजिमको अनुदान/ऋण सहयोगको रुपमा प्रयोग गरिनेछ :-

(क) टेलिफोन सेवा नभएका ग्रामीण क्षेत्रमा टेलिफोन (तार वा ताररहित) वा मोबाइल वा इन्टरनेट वा इन्टरनेट टेलिफोनी सेवा पुऱ्याउन, वा

(ख) टेलिफोन सेवा अपर्याप्त भएका क्षेत्रमा टेलिफोन/मोबाइल सेवाको विस्तार गर्न गराउन वा

(ग) टेलिफोन बाहेकका सूचना प्रविधिको विकासका लागि आवश्यक पर्ने दूरसञ्चारका अन्य सेवा तथा प्रविधिहरु जस्तैः ब्रोडव्याण्ड इन्टरनेट आदि उपलब्ध गराउन ।

(३) प्राधिकरणले “सेवा प्रदायक तोक्ने सम्बन्धी (कार्यविधि) विनियमावली, २०६४” मा उल्लेख भए बमोजिमको प्रक्रिया अपनाई उपविनियम (२) बमोजिम अनुदान सहयोग प्रदान गर्नेछ।

(४) यस विनियममा जुनसुकै कुरा लेखिएको भएतापनि प्राधिकरणले उपविनियम (३) बमोजिमको प्रकृयाबाट प्रतिस्पर्धा गराउन भौगोलिक स्थिति, आर्थिक अवस्था आदिको अध्ययन गर्दा उपयुक्त नदेखिएमा प्राधिकरणले तोकेको अन्य प्रकृयाबाट कोषको रकम प्रयोग गर्न गराउन सक्नेछ।

(५) समितिको पदाधिकारीले पाउने बैठक भत्ता र कोषको परिचालनका लागि तोकिएको कर्मचारीहरुले पाउने सुविधा प्राधिकरणले निर्णय गरे बमोजिम प्राधिकरण कोषबाट व्यहोरिनेछ।

## परिच्छेद - ३

## कोषको परिचालन

**६. कोष परिचालन समिति :** कोष परिचालनका लागि प्राधिकरणले देहाय बमोजिमका संयोजक तथा सदस्यहरु रहेको एक **ग्रामीण दूरसञ्चार विकास कोष परिचालन समितिको** गठन गर्नेछ :-

(क) प्राधिकरणले तोकेको प्राधिकरणको सदस्य - संयोजक

(ख) प्राधिकरणले तोकेको ग्रामीण क्षेत्रको विकाससंग सम्बन्धित एक जना विशेषज्ञ - सदस्य

(ग) प्राधिकरणले तोकेको दूरसञ्चार तथा सूचना प्रविधिसंग सम्वन्धीत विशेषज्ञ - सदस्य

**७. कोषको सचिवालयः** (१) प्राधिकरणमा कोष परिचालन समितिको छुट्टै सचिवालय हुनेछ।

(२) प्राधिकरणले तोकेको प्राधिकरणको कम्तिमा अधिकृत स्तरको कर्मचारीले समितिको सचिव भई काम गर्नेछ।

**८. समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक संयोजकले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(३) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित  सदस्यहरुले आफू मध्येवाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) बैठकमा छलफल गरिने प्रस्ताव समितिका सदस्यहरुलाई बैठक बस्नु पूर्व लिखित रुपमा जानकारी गराइनेछ ।

(५) बहुमत सदस्यहरुको उपस्थिती भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा उपस्थित बहुमतको राय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा संयोजकले निर्णयात्मक मत दिनेछ ।

(७) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

<u>**९. संयोजक तथा सदस्यहरुको पदावधीः**</u> (१) समितिका सदस्यहरुको पदावधी दुई वर्षको हुनेछ ।

(२) प्राधिकरणले समितिका पदाधिकारीलाई थप एक पदावधिको लागि पुनः नियुक्ति गर्न सक्नेछ ।

<u>**१०. समितिको काम, कर्तव्य र अधिकार :**</u> (१) समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) कोषको अनुदान सहयोगबाट सञ्चालन हुने आयोजना (दीर्घकालिन, अल्पकालिन) सम्बन्धी वार्षिक कार्यक्रम र बजेट तयार गरी स्वीकृतीको लागि प्राधिकरण समक्ष पेश गर्ने,

(ख) ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको स्थापना तथा संचलानमा स्थानीय समुदाय, स्थानीय निकाय तथा उद्यमीहरुलाई सहभागी गराउने,

(ग) ग्रामीण क्षेत्रमा उपलब्ध दूरसञ्चारका पूर्वाधारहरुको अधिकतम प्रयोग गर्न प्रोत्साहित गर्ने,

(घ) ग्रामीण क्षेत्रका सेवा सञ्चालक तथा उपभोक्ता र प्राधिकरणसंग समन्वय गरी अन्य काम गर्ने, गराउने,

(ङ)) ग्रामीण क्षेत्रमा दूरसञ्चारको पूर्वाधार विकास तथा विस्तारका लागि आवश्यक र उपयुक्त प्रविधि सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने, गराउने,

(च) ग्रामीण दूरसञ्चारका सम्बन्धमा ग्रामीण दूरसञ्चारको विकास विस्तारमा कोषको परिचालन सम्बन्धमा प्राधिकरणलाई राय सुझाव दिने,

(छ) प्राधिकरणबाट स्वीकृत भएको कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने,

(ज) कोषमा जम्मा भएको रकमलाई प्रयोग नहुने समयका लागि लगानि गरी प्रतिफल प्राप्त हुने व्यवस्था गर्ने, गराउने,

(झ) कोषबाट संचालन गरिने स्वीकृत परियोजनाको लागि बोलपत्र तयार गरी निर्णयार्थ प्राधिकरणमा पेश गर्ने,

(ञ) बोलपत्रको अवधिभित्र प्राप्त निवेदनहरुको बोलपत्रमा उल्लेखित शर्तहरुको आधारमा मुल्याकंन गरी राय सहित निर्णयार्थ प्राधिकरणमा पेश गर्ने,

(ट) छनौट भएका निवेदकलाई कोषबाट तोकिए बमोजिम अनुदान सहयोग उपलब्ध गराउने,

(ठ) ग्रामीण क्षेत्रमा दूरसञ्चारको पूर्वाधार (Infrastructure) स्थापना गरी दूरसञ्चार सेवाको विकास तथा विस्तार गर्ने, गराउने ।

(ड) ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास तथा विस्तारको लागि आवश्यक र उपयुक्त अन्य काम गर्ने, गराउने ।

(२) उपविनियम (१) बमोजिमको काम गर्नका लागि आवश्यक जनशक्ति प्राधिकरणले उपलब्ध गराउनेछ ।

(३) समितिले आवश्यकता अनुसार विशेषज्ञको सेवा लिन सक्नेछ ।

## परिच्छेद - ४

## विविध

११. सल्लाहकार परिषद : (१) समितिलाई कोष परिचालन, आयोजना छनौट, ग्रामीण विकास लगायतका कामको लागि सल्लाह प्रदान गर्न, सेवा प्रदायक, उपभोक्ता, ग्रामीण विकास कार्यकर्ता, सरकारी तथा अर्धसरकारी निकायका प्रतिनिधि एवं विशेषज्ञ सहितको सहभागिता हुने गरी बढीमा २५ जना सम्मको सल्लाहकार परिषद गठन गर्न सकिनेछ ।

(२) सल्लाहकार परिषदले समितिलाई आवश्यक सल्लाह र सुझाव प्रदान गर्नेछ।

(३) समितिले सल्लाहकार परिषद समक्ष आफूलाई आवश्यक परेको विषयमा सुझाव माग गर्न सक्नेछ।

(४) योजना तथा कोष परिचालन सम्बन्धमा समितिलाई नीतिगत सुझाव प्रदान गर्न सल्लाहकार परिषदको बैठक वर्षमा बढीमा २ पटक बस्नेछ।

(५) बैठकको कार्यविधि सल्लाहकार परिषद स्वयंले निर्धारण गरे बमोजिम हुनेछ।

(६) बैठकको अध्यक्षता सल्लाहकार परिषदको सदस्यहरु मध्येबाट छानिएको व्यक्तिले गर्नेछ।

(७) सल्लाहकार परिषद्को सदस्यको बैठक भत्ता तथा सुविधा प्राधिकरणले तोके बमोजिम प्राधिकरणको कोषबाट व्यहोरिनेछ।

**१२. कोषको वार्षिक प्रतिवेदन :** (१) कोष सचिवालयले कोषको वार्षिक प्रतिवेदन तयार गरी प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ। प्राधिकरणको वार्षिक प्रतिवेदनमा यस कोष सम्वन्धी छुट्टै प्रतिवेदन बनाइनेछ।

(२) कोषको वार्षिक बजेट प्राधिकरणबाट स्वीकृत हुनेछ र तत्सम्बन्धी कार्यविधि प्राधिकरणबाट स्वीकृत भए पछि लागु हुनेछ।

**१३. कोषको लेखा परिक्षण :** (१) कोषको छुट्टै बैंक खाता संचालन गरिनेछ।

(२) कोषको बैंक खाता प्राधिकरणको अध्यक्ष र प्राधिकरणले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट संचालन गरिनेछ।

(३) कोषको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ।

**१४. कोषको स्वामित्व :** ग्रामीण दूरसञ्चार विकास कोषको उदेश्य पूर्ति भएपछि समिति विघटन हुनेछ। त्यसरी विघटन भएको कोषको सम्पूर्ण जायजेथा तथा दायित्व यस विनियम बमोजिम प्रयोग गर्ने गरी प्राधिकरणमा सर्नेछ।